# सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## आर्थिक वर्ष २०८०/०८१ को कार्तिक-पौषमा सम्पादित क्रियाकलापको विवरण




गण्डकी प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (पर्यटन र उद्योग तर्फ)

पोखरा नेपाल

## विषय सूची


१. मन्त्रालयको स्वरुप र प्रकृति

२. मन्त्रालयको काम, कर्तव्य र अधिकार

३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

४. मन्त्रालयबाट प्रदान गरिने सेवा

५. सेवा प्रदान गरिने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्वन्धित शाखा प्रमुख

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रकृया र अधिकारी

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. आ.व. २०८०/०८१ मा सम्पादित कामको विवरण

१०. मन्त्रालयबाट हालसम्म भएका मुख्य मुख्य उपलब्धीहरु

११. सुचना अधिकारी र प्रमुखको नाम र पद

१२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१३. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण

१४. तोकिए बमोजिमका अन्य विवरण

१५. मन्त्रालयको वेवसाइट

१६. मन्त्रालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको विवरण

१७. मन्त्रालयमा परेको सूचना माग सम्वन्धी निवेदन र सूचना दिईएको विषय

१८. मन्त्रालयले गरेको प्रकाशन विवरण

## १. मन्त्रालयको स्वरुप र प्रकृति

संघीयता कार्यान्वयन संगै वि.सं. २०७४ सालमा प्रदेश सरकार गठन भए पछि यस प्रदेश भित्रको समग्र आर्थिक श्रोतको मेरुदण्ड तथा उपभोक्ताको दैनिक उपभोग्य वस्तु उपलब्ध गराई सेवा पुऱ्याउने, उद्योग व्यवसायको नियमन विकास तथा गुणस्तरीय सेवा सर्वसुलभ रुपमा उपभोक्ता बीचमा पुऱ्याउन, समग्र व्यवसायको उत्थान तथा विकास गर्ने तथा पर्यटनको प्रचुर सम्भावना रहेको यस प्रदेशमा पर्यटकलाई आकर्षिक गरी देशको प्रमुख पर्यटकीय गन्तव्यस्थलका रुपमा विकास गर्नु प्रदेश सरकारको मूल मर्म हो । यसै कुरालाई ध्यानमा राखेर मिति २०७४ सालमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय स्थापना भई कार्य सम्पादन भई आएकोमा गण्डकी प्रदेश सरकारको मिति २०७८।०२।०५ को निर्णयानुसार पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिको कार्य क्षेत्र समेट्ने गरी छुट्टै पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको स्थापना भई कार्य सुरु भएको थियो । २०७९।१०।०९ गतेको मन्त्रिपरिषदको निर्णयानुसार पूनः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय नाम रहने गरी साविकका दुई पर्यटन उद्योग वाणिज्य तथा आपूर्ति एवं वन वातावरण तथा भूसंरक्षण मन्त्रालय एकिकृत भई कार्यसम्पादन हुँदै आईरहेको छ । २०८० असार मसान्तसम्म पर्यटन र उद्योग तर्फको एउटा भवनबाट साथै वन तथा वातावरणको अर्को अलग्गै भवनबाट समानान्तर रुपमा कार्यसम्पादन हुँदै आएको छ । पर्यटन तथा उद्योग अन्तर्गत प्रदेश स्तरमा पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय १ तथा मातहतका ११ वटा पर्यटन तथा उद्योग कार्यालयहरुबाट कार्य सम्पादन हुँदै आएको छ । कार्य सम्पादन गर्दा प्रदेश कानून नबनेको हकमा सम्वन्धित संघीय कानून बमोजिम र प्रदेश कानून बनिसकेको हकमा सोही बमोजिम कार्य सम्पादन हुँदै आएको छ ।

## २. मन्त्रालयको काम, कर्तव्य र अधिकार

प्रदेश कार्यविभाजन नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्यजिम्मेवारीः पर्यटन र उद्योग तर्फ
(मिति २०७८।०२।०५ गते प्रदेश राजपत्रमा प्रकाशित)

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १ | पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन |
| २ | प्राकृतिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक, साहसिक र अन्य पर्यटन सम्वन्धी |
| ३ | पर्यटक प्रहरी व्यवस्थापन |
| ४ | पर्यटकीय होटेल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ एजेन्सी, गाइड, र्‍याफ्टिङ आदिको दर्ता, अनुमति, नविकरण र नियमन |
| ५ | होमस्टे सम्वन्धी नीति, कानून, मापदण्ड निर्धारण तथा विकास प्रवर्द्धन नियमन |
| ६ | पर्यटकीय पूर्वाधार, गन्तव्य र उपजको विकास, विविधिकरण, प्रवर्द्धन र नियमन |
| ७ | पर्यटकीय सेवाको विकास, विविधिकरण, प्रवर्द्धन र नियमन |
| ८ | पर्यटन सेवाको ब्राण्डिङ र प्रवर्द्धन |
| ९ | पर्यटन क्षेत्रको स्थानीय अर्थतन्त्रसंग अग्र र पृष्ठ सम्वन्ध विकास र विस्तार |

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १० | व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्वन्धी प्रदेश नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन र सेन्डिकेट तथा कार्टेलिङ नियन्त्रण |
| ११ | प्रादेशिक व्यापार सम्वन्धी पुर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान |
| १२ | ढुवानी र परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन |
| १३ | आर्थिक तथा औद्योगिक विषयमा करार जन्य सम्झौता |
| १४ | व्यापारिक फार्महरुको दर्ता, नविकरण, खारेजी र नियमन |
| १५ | खानी तथा खनिज पदार्थको अन्वेषण सम्वन्धी प्रदेश नीति, कानून र मापदण्ड |
| १६ | भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्वन्धी कार्य |
| १७ | प्रदेशका कल कारखाना र औद्योगिकरणको सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन । |
| १८ | उद्योग दर्ता, अनुमति, नविकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन |
| १९ | प्रदेशस्तरको औद्योगिक क्षेत्रको भौतिक पूर्वाधार विकास सम्वन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र विशेष क्षेत्रको स्थापना, सञ्चालन र बिस्तार |
| २० | औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन |
| २१ | उपभोक्ता हित संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन |
| २२ | मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियमन्त्रण तथा नियमन |
| २३ | सङ्घीय मापदण्ड अनुसार स्टाण्डर्ड नापतौल, गुणस्तर परीक्षण र नियमन |
| २४ | प्रदेश तथा जिल्लास्तरका उपभोक्ता अदालत गठन र सञ्चालन |
| २५ | सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तुको माग र आपूर्ति सम्वन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, नियमन, सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दात व्यवस्था र आपूर्तिमा अन्तरप्रदेश र स्थानीय तहबीच समन्वय |
| २६ | लक्षित क्षेत्र र वर्गका लागि वस्तु तथा सेवामा प्रादेशिक अनुदान र नियमन |
| २७ | करार साझेदारी र एजेन्सी सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन |
| २८ | सङ्घ संगको समन्वयमा कम्पनी स्थापना सम्वन्धी नीति, कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनि प्रशासन । |
| २९ | दामासाहीमा परेका उद्योग, व्यवसायी, कम्पनी तथा फर्म व्यवस्थापन सम्वन्धी नीति कानून मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन |
| ३० | प्रदेश स्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन |
| ३१ | प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन |
| ३२ | सङ्घीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्वन्धी |
| ३३ | प्रदेशभित्रका साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ३४ | औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन |

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| ३५ | उद्योगमा श्रममूलक प्रविधि र नेपाली श्रमिकहरु उपयोग |
| ३६ | स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता |

## ३. मन्त्रालय र मातहतका कार्यालयहरुमा रहने कर्मचारी संख्या र कार्य विवरणः (पर्यटन र उद्योग तर्फ)

३.१. मन्त्रालयको दरवन्दी र पदपूर्तिको अवस्थाः

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी/तह | दरवन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | नेपाल प्रशासन | सामान्य प्रशासन | रा.प.प्रथम | १ | १ | ० |
| २ | महाशाखा प्रमुख | प्रशासन | सामान्य प्रशासन | अधिकृत नवौं/दशौं | २ | २ | १ |
| ३ | शाखा प्रमुख | प्रशासन | सामान्य प्रशासन | अधिकृत सातौं/ आठौं | ५ | ५ | ० |
| ४ | लेखा अधिकृत | प्रशासन | लेखा | अधिकृत सातौं/ आठौं | १ | १ | ० |
| ५ | सहायक | प्रशासन | सामान्य प्रशासन | पाँचौ/ छैटौं | ५ | ३ | २ |
| ६ | कम्प्युटर अपरेटर | विविध | विविध | पाँचौ/ छैटौं | १ | ० | १ |
| ७ | तथ्याङ्क सहायक | आ.यो.त. | तथ्याङ्क | पाँचौ/ छैटौं | १ | १ | ० |
| ८ | सहायक | प्रशासन | सामान्य प्रशासन | चौथों/पाँचौ | १ | १ | ० |
| ९ | हलुका सवारी चालक | इन्जिनियरिङ्ग | मेकानिकल | विहिन | ५ | ४ | १ |
| १० | कार्यालय सहयोगी | प्रशासन | सामान्य प्रशासन | विहिन | ५ | ५ | ० |
| | | | | **जम्माः** | २७ | २२ | ५ |

३.२ मन्त्रालय मातहतका प्रदेश र जिल्लास्थित कार्यालयहरुको दरवन्दी र पदपूर्ति विवरणः

३.२.१ पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको दरवन्दी तेरिजः-

| सि.नं | पद | तह | सेवा | समुह | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | नवौंदशौं/ | प्रशासन | सा प्रशासन | १ | |
| २ | अधिकृतस्तर | सातौंआठौं/ | प्रशासन | सा प्रशासन | ३ | |
| ३ | ईन्जिनियर | सातौंआठौं/ | नेपाल इन्जि. | सिभिल | १ | |
| ४ | वातावरण अधिकृत | सातौंआठौं/ | विविध | | १ | |
| ५ | अधिकृत। सहायक | पाँचौंछैटौं/ | प्रशासन | साप्रशासन. | २ | |
| ६ | सहायक | पाँचौंछैटौं/ | प्रशासन | लेखा | १ | |

| सि.नं | पद | तह | सेवा | समुह | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| ७ | सहायक | पाँचौंछैटौं/ | नेपाल इन्जि. | सिभिल | १ | |
| ८ | सहायक | पाँचौंछैटौं/ | नेपाल इन्जि. | माइनिङ्ग | १ | |
| ९ | सहायक | चौथो/पाँचौ | प्रशासन | सा प्रशासन | ३ | |
| १० | हलुका सवारी चालक | तह विहिन | प्रशासन | | १ | |
| ११ | कार्यालय सहयोगी | तह विहिन | प्रशासन | | ३ | |
| | | | | जम्मा | १८ | |

नोटः साविक पर्यटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र साविक वन वातावरण तथा भूसंरक्षण मन्त्रालय एकिकृत भएको हुँदा कानून, प्रशासन तथा योजना जस्ता दरवन्दीहरु परिवर्तन हुन सक्नेछन ।

३.२.२. कार्यविवरणः

(क) प्रशासन योजना तथा अनुगमन शाखा

- निर्देशनालय र मातहतका निकायहरुको संगठन संरचन तथा दरवन्दी विवरण अनुसार कर्मचारी व्यवस्थापन गर्ने तथा अभिलेख सम्बन्धी कार्य गर्ने
- वार्षिक योजना नीति कार्यक्रम तथा वजेट तयार गर्ने
- आर्थिक प्रशासन सम्बन्धी कार्यहरु गर्ने
- जिन्सी सामानहरुको संरक्षण तथा अभिलेखिकरण गरने
- कार्यालय तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन गर्ने

(ख) पर्यटन प्रवर्धन शाखा

- पर्यटनसंग सम्बन्धित योजना तर्जुमा कार्यमा सहयोग कार्यान्वयन र नियमन
- प्रादेशिक पर्यटन प्रवर्धन
- पर्यटकिय पुर्वाधारको विकास
- पर्यटक प्रहरी व्यवस्थापन
- होमस्टे प्रवर्धन र नियमन
- मन्त्रालयवाट प्रत्यायोजित अन्य क्रियाकलापहरु

(ग) उद्योग तथा वाणिज्य शाखा

- औद्योगिक विकासका लागि स्वदेशी लगानी प्रवर्द्धन गर्ने । नेपाल सरकारको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग समन्वय गरी वैदेशिक लगानीका उद्योगको प्रवर्द्धन गर्ने ।
- प्रदेश स्तरिय औद्योगिक तथा लगानी सम्बन्धी कानून र नीतिको तर्जुमा गर्न सघाउ पुर्याउने ।
- उद्योग दर्ता एवं अनुमति लिनु पर्ने उद्योगको अनुमति प्रदान गर्ने ।
- प्रदेश सरकारको कार्यक्षेत्र भित्रका उद्योगहरुको दर्ता, नियमन र उद्योग प्रशासन सम्बन्धी कार्य गर्ने ।

- प्रदेश सरकारको कार्यक्षेत्र भित्रका उद्योगहरुले प्राप्त गर्ने छुट, सुविधा तथा सहुलियत सिफारिश गर्ने ।
- सरकारको कार्यक्षेत्र भित्रका उद्योगहरुको प्रारम्भिक वातावरणिय परीक्षण तथा सहुलियत सिफारिश गर्ने ।
- आवश्यकता अनुसार उद्योगहरुको वातावरणीय पक्ष लगायतका विषयहरुको अनुगमन गर्ने ।
- प्रदेश स्तरीय औद्योगिक क्षेत्रहरुको पहिचान, विकास र व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- उद्यमशिलताको विकास गरी औद्योगिक जनशक्ति तयार गर्ने ।
- उद्योग प्रशासनलाई सरल पारदर्शी बनाउन कार्य विधि तयार
- बजार माग अनुरुपका विभिन्न सीप विकास तथा उद्यमशिलता विकास तालिमहरूको पाठ्यक्रम निर्देशिका तयार गर्न

(घ) आपूर्ति तथा उपभोक्ता हित संरक्षण शाखा

- प्रदेश भित्रको व्यापार विविधिकरण सम्बन्धी कार्य गर्ने ।
- प्रदेश तथ्याङ्क अद्यावधिक गर्ने ।
- व्यापार व्यवसाय प्रवर्द्धन सम्बन्धी कार्य गर्ने ।
- अन्तर्प्रदेशिक व्यापार सम्बन्धी नीति, कानून बनाई सहजीकरण रि नियमन सम्बन्धी कार्य गर्ने ।
- संघिय कानूनको अधिनमा रही व्यापार सम्बन्धी नियम बनाई कार्यान्वयन गर्ने ।
- सहकारी पसल मार्फत सहुलियत दरमा उपभोक्तालाई दैनिक आधारभूत अत्यावश्यक उपभोग्य वस्तु तथा सेवा उपलव्ध गराउने ।
- उपभोक्ताको हक हित संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्य गर्ने ।
- अत्यावश्यक वस्तु तथा सेवाको सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था सम्बन्धी कार्य गर्ने ।
- संघीय कानूनको अधिनमा आन्तरिक वजार व्यवस्थापन तथा प्रतिस्पर्धा प्रवर्द्धन र सिन्डिकेट तथा कार्टेलिङ्ग नियन्त्रण सम्बन्धी नियम वनाई कार्यान्वयन गर्ने ।
- उपभोक्ता संरक्षण ऐन,२०७५ को दफा ६३(२) अनुसार वजार अनुगमन सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउन आवश्यक नियम वनाई कार्यान्वयन गर्ने ।

३.२.३ पर्यटन तथा उद्योग कार्यालय, कास्कीको दरवन्दी तेरिजः-

| सि.नं | पद | तह | सेवा | समुह | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | नवौंदशौं/ | प्रशासन | सा प्रशासन | १ | |
| २ | अधिकृतस्तर | सातौंआठौं/ | प्रशासन | सा प्रशासन | २ | |
| ३ | ईन्जिनियर | सातौंआठौं/ | नेपाल इन्जि. | सिभिल | १ | |
| ४ | लेखा अधिकृत | सातौंआठौं/ | प्रशासन | लेखा | ० | |
| ५ | प्रमुख शिक्षक | रा.अनंकित प्रा.प. | विविध | - | ० | |
| ६ | सहायक / अधिकृत | पाँचौछैठौं/ | प्रशासन | सा प्रशासन | ३ | |
| ७ | सहायक | पाँचौछैठौं/ | प्रशासन | लेखा | १ | |
| ८ | सहायक | पाँचौछैठौं/ | नेपाल इन्जि. | सिभिल | १ | |

| सि.नं | पद | तह | सेवा | समुह | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| ९ | सहायक | चौथो/पाँचौ | प्रशासन | सा प्रशासन | ३ | |
| १० | सहायक | चौथो/पाँचौ | विविध | विविध | १ | |
| ११ | हलुका सवारी चालक | तह विहिन | प्रशासन | | १ | |
| १२ | कार्यालय सहयोगी | तह विहिन | प्रशासन | | ३ | |
| | | | | **जम्मा** | १७ | |

३.२.४ पर्यटन तथा उद्योग कार्यालय, नवलपरासी(वर्दघाट सुस्तापूर्व)को दरवन्दी तेरिजः-

| सि.नं | पद | तह | सेवा | समुह | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | नवौं दशौं | प्रशासन | सा प्रशासन | १ | |
| २ | अधिकृतस्तर | सातौंआठौं/ | प्रशासन | सा प्रशासन | २ | |
| ३ | अधिकृत/सहायक | पाँचौछैठौ/ | प्रशासन | साप्रशासन. | २ | |
| ४ | सहायक | पाँचौछैठौ/ | प्रशासन | लेखा | १ | |
| ५ | सहायक | पाँचौछैठौ/ | नेपाल इन्जि. | सिभिल | १ | |
| ६ | सहायक | चौथो/पाँचौ | विविध | विविध | १ | |
| ७ | सहायक | चौथो/पाँचौ | प्रशासन | साप्रशासन. | २ | |
| ८ | हलुका सवारी चालक | तह विहिन | प्रशासन | | १ | |
| ९ | कार्यालय सहयोगी | तह विहिन | प्रशासन | | २ | |
| **जम्मा** | | | | | १३ | |

३.२.५ पर्यटन तथा उद्योग कार्यालय गोरखा/लम्जुङ्ग/स्याङ्जा/पर्वत/म्याग्दी/तनहुँ/बाग्लुङ्गको दरवन्दी तेरिजः-

| सि.नं | पद | तह | सेवा | समुह | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | सातौंआठौं/ | प्रशासन | सा प्रशासन | १ | |
| २ | अधिकृत/सहायक | पाँचौछैठौं/ | प्रशासन | साप्रशासन. | २ | |
| ३ | सहायक | पाँचौछैठौं/ | प्रशासन | लेखा | १ | |
| ४ | सहायक | पाँचौछैठौं/ | नेपाल इन्जि. | सिभिल | १ | |
| ५ | सहायक | चौथो/पाँचौ | विविध | विविध | १ | |
| ६ | सहायक | चौथो/पाँचौ | प्रशासन | साप्रशासन. | २ | |
| ७ | हलुका सवारी चालक | तह विहिन | प्रशासन | | ० | |
| ८ | कार्यालय सहयोगी | तह विहिन | प्रशासन | | २ | |
| | | | | **जम्मा** | १० | |

३.२.६ पर्यटन तथा उद्योग कार्यालय मनाङ्ग/मुस्ताङ्गको दरवन्दी तेरिज

| सि.नं | पद | तह | सेवा | समुह | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | सातौ | प्रशासन | सा प्रशासन | १ | |
| २ | अधिकृत।सहायक | पाँचौछैठौ/ | प्रशासन | साप्रशासन. | २ | |
| ३ | सहायक | पाँचौछैठौ/ | प्रशासन | लेखा | १ | |
| ४ | सहायक | पाँचौछैठौ/ | नेपाल इन्जि. | सिभिल | १ | |
| ५ | सहायक | चौथो/पाँचौ | विविध | विविध | १ | |
| ६ | सहायक | चौथो/पाँचौ | प्रशासन | साप्रशासन. | १ | |
| ७ | कार्यालय सहयोगी | तह विहिन | प्रशासन | | २ | |
| | | | | **जम्मा** | ९ | |

३.२.७ पर्यटन तथा उद्योग कार्यालयहरुको कार्य जिम्मेवारीः

(क) प्रशासन तथा योजना शाखा

- कार्यालयको संगठन संरचन तथा दरवन्दी विवरण अनुसार कर्मचारी व्यवस्थापन गर्ने तथा अभिलेख सम्बन्धी कार्य गर्ने
- वार्षिक योजना नीति कार्यक्रम तथा वजेट तयार गर्ने
- आर्थिक प्रशासन सम्बन्धी कार्यहरु गर्ने
- जिन्सी सामानहरुको संरक्षण तथा अभिलेखिकरण गरने
- कार्यालय तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन गर्ने

(ख) पर्यटन शाखा

- ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी दर्ता अनुमती र नविकरण
- पर्यटकीय होटल रिसोर्ट लज ट्राभल गाइड र्याफ्टिङ्ग लगायत साहसिक पर्यटन आदिको प्रवर्धन दर्ता अनुमती नविकरण र नियमन
- वार्षिक विकास कार्यक्रम अनुसार पर्यटकिय पूर्वाधारहरुको निर्माण तथा विकास गर्ने

(ग) उद्योग तथा वाणिज्य शाखा

- उद्योगहरूको दर्ता गर्न
- उद्योगहरूको नामसारी, ठाँउसारी, पूँजीवृद्धि क्षमता वृद्धि उद्देश्य संशोधन आदी कार्य गर्न
- व्यावसाय सम्वर्द्धन सम्बन्धी कार्य
- औधोगिक मेला तथा प्रदर्शनीमा सहयोग
- उद्यमीहरुका लागि उद्यमशिलता सिपमुलक तथा स्तरोन्नति तालिम सञ्चालन गर्न
- उद्योगहरूको इजाजत प्रदान गर्न
- उद्योग प्रवर्द्धन सम्बन्धी कार्य
- बजारमुखी विभिन्न उद्योगहरुको स्कीम तयार गर्न
- उद्योगहरुलाई प्रविधि सहयोग उपलव्ध गराउने
- उद्योग सम्बन्धी तथ्याङ्क अद्यावधीक गर्न

- वाणिज्य फर्महरुको  दर्ता गर्ने
- वाणिज्य फर्महरुको  नामसारी, ठाँउसारी, पूँजीवृद्धि क्षमता वृद्धि उद्देश्य संशोधन आदी कार्य गर्न
- व्यावसाय सम्वर्द्धन सम्बन्धी कार्य
- उपभोक्ता सचेतना तथा बजार अनुगमन सम्बन्धी कार्य गर्ने
- वाणिज्य सम्बन्धी तथ्याङ्क अद्यावधीक गर्न

## ४. मन्त्रालयबाट प्रदान गरिने सेवाहरु

✓ मन्त्रालयको सामान्य प्रशासन
✓ मन्त्रालयको आर्थिक प्रशासन
✓ मन्त्रालय तथा मातहत निकायहरुबाट कार्यान्वयन हुने कार्यक्रम तथा योजना तर्जुमा
✓ स्वीकृत वार्षिक कार्यक्रमहरुको कार्यान्वयन
✓ मातहतका कार्यालयहरुको अनुगमन मुल्यांकन
✓ प्रदेशका गौरवका आयोजनाको कार्यान्वयन, अनुगमन र मुल्यांकन
✓ मन्त्रालयको कार्यक्षेत्रसंग सम्वन्धित विषयका नीति, ऐन, कानून, कार्यविधि तथा मापदण्ड तर्जुमा

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार कर्मचारीः

| क्र.सं. | महाशाखा/शाखा | कर्मचारीको नाम | पद | श्रेणि |
|---|---|---|---|---|
| १ | प्रशासन तथा योजना महाशाखा | दिनेश प्रकाश आचार्य | अधिकृत | नवौं |
| | योजना तथा अनुगमन / सार्वजनिक खरिद | बिमल प्रसाद गौतम | अधिकृत | आठौं |
| | प्रशासन | गोविन्द प्रसाद पौडेल | अधिकृत | सातौं |
| | आर्थिक प्रशासन | लक्ष्मी थापा | लेखा अधिकृत | सातौं |
| | कानून तथा फैसला कार्यान्वयन शाखा | अरुण अधिकारी | कानून अधिकृत | रा.प.तृ. |
| २ | उद्योग, वाणिज्य तथा आपूर्ति महाशाखा | राम प्रसाद आचार्य | अधिकृत | दशौं |
| | वाणिज्य तथा आपूर्ति | सिर्जना सुवेदी | शाखा अधिकृत | रा.प.तृ. |
| | औद्योगिक प्रवर्ध्दन | सिर्जना सुवेदी | शाखा अधिकृत | रा.प.तृ. |
| ३ | पर्यटन महाशाखा | दिनेश प्रकाश आचार्य | अधिकृत | नवौं |
| | पर्यटन प्रर्वद्धन | डम्वर बहादुर जि.सी. | अधिकृत | सातौं |
| | पर्यटन प्रर्वद्धन | जगन्निवास भण्डारी | सहायक | पाचौं |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधीः-

यस मन्त्रालयबाट प्रवाह गरिने सबै सेवा निःशुल्क रुपमा गरिनेछ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः-

सम्बन्धित शाखा र महाशाखाबाट निर्णयका लागि विषय उठान भइसकेपछि अधिकार प्रत्यायोजनको सीमासम्म सचिबबाट र अधिकार प्रत्यायोजन नभएको विषयमा मन्त्रीस्तरबाट निर्णय गरिने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:-

प्रदेश सचिवः कुमान सिंह गुरुङ्ग

## ९. आर्थिक वर्ष ०८०/८१ मा २०८० पौषसम्म सम्पादन भएका कामको विवरण :-

| क्र.सं. | वार्षिक विकास कार्यक्रम (मुख्य कृयाकलाप) | विनियोजित बजेट रु. हजार | मिति २०८० पौष मसान्त सम्मको खर्च | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १ | नीति ऐन नियम कार्यविधी निर्देशिका तर्जुमा तथा संशोधन | १००० | २३६ | गण्डकी प्रदेश प्राईभेट फर्म दर्ता ऐन, २०७८ को संशोधन विधेयकको मस्यौदा तयार, साझेदारी फर्मको दर्ता तथा नियमन सम्बन्धी विधेयकको प्रस्ताव तयार, औद्योगिक व्यवसाय नियमावलीको मस्यौदा तयार |
| २ | उद्यमशिलता विकास मार्फत रोजगारी सिर्जना गर्न पञ्चवर्षिक रणनीतिक योजना निर्माण | ५०० | | मन्त्रालयको पञ्चवर्षीय रणनैतिक योजनाको मस्यौदा तयारी भइरहेको |
| ३ | प्रदेशको उत्पादन हाम्रो पहिचान-प्रदेशमा उत्पादित बस्तुहरुको पहिचानका लागि सम्भाव्यता अध्ययन | ५०० | | कार्यक्षेत्रगत शर्त तयार गरी कार्य अगाडी बढाईएको । |
| ४ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी | ९०२० | २३०० | जिल्लास्थित पर्यटन तथा उद्योग कार्यालयहरुबाट कार्यान्वयन भैरहेको । |
| ५ | पुँडीटार र लोकाहाखोलामा प्रदेशस्तरीय औद्योगिक क्षेत्रमा पूर्वाधार निर्माण २२००, पुँडीटार र लोकाहाखोलामा प्रदेशस्तरीय औद्योगिक क्षेत्रमा IEE/EIA ३०००, गोरखाको च्याङ्गलीमा औद्योगिक क्षेत्रको पूर्व सम्भाव्यता अध्ययन ५०० | २५५०० | | परामर्शदाता छनौट गरी पुँडीटार र लोकाहाखोलाको वातावरणिय अध्ययनको कार्य भैरहेको, गोरखाको च्याङ्गलीमा सम्भाव्यता अध्ययन कार्य अन्तिम चरणमा पुगेको |
| ६ | अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान | ६८०० | | जिल्लास्थित पर्यटन तथा उद्योग कार्यालयहरुबाट कार्यान्वयन भैरहेको । |
| ७ | स्थानीय रुपमा उत्पादित मदिराको गुणस्तर र ब्राण्डीङ्ग सम्वन्धी कानूनको निर्माण | ५०० | ० | मस्यौदा तयारीको सैद्धान्तिक सहमति प्राप्त भएको । |

| क्र.सं. | वार्षिक विकास कार्यक्रम (मुख्य कृयाकलाप) | विनियोजित बजेट रु. हजार | मिति २०८० पौष मसान्त सम्मको खर्च | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ८ | गुणस्तरीय बस्तु र सेवाको आपूर्तिसँग सम्वन्धीत सार्वजनिक, निजी र सहकारी क्षेत्रसँग अन्तरसंवाद कार्यक्रम | १२०० | १३४ | नवलपुरमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको, |
| ९ | विद्यालयस्तरमा उपभोक्ता सचेतना कार्यक्रम | १०६० | १०० | निर्देशनालय तथा जिल्लास्थित कार्यालयहरुबाट हालसम्म १०० पटक बजार अनुगमन तथा सचेतना कार्यक्रम भैरहेको । |
| १३ | डा. हर्क गुरुङ ट्रेल १५००, बागलुङ चक्रिय धुरी पदमार्ग ५०००, हिमाली तथा पहाडी क्षेत्रमा पर्यटकीय पदमार्गहरुको सम्भाव्यता अध्ययन १००० | ७५०० | ० | कार्यक्षेत्रगत शर्त तयार गरिएको । |
| १४ | साधनाकेन्द्रहरुमा नीजिक्षेत्रसँग सहकार्य र समन्वयमा पूर्वाधार निर्माण | २००० | ० | लागत अनुमान तयार भएको । |
| १५ | पर्यटन, उद्योग व्यवसायमा आवद्द संघसंस्थासंगको सहकार्य र साझेदारीमा पर्यटन प्रवर्द्धन कार्यक्रम | २५०० | ४२७ | विश्व पर्यटन दिवश मनाईएको, पर्यटन प्रवर्द्धनात्मक अन्य कार्यहरु भैरहेको । पोखरा र अन्य शहरहरुसँग सिधा हवाई सम्पर्कको लागि हवाई कम्पनीहरुसँग छलफल भैरहेको । |
| १६ | घरबास (होमस्टे) हरुमा पूर्वाधार निर्माण (एक प्रदेश निर्वाचन क्षेत्र एक होमस्टे) | ४०००० | ० | संकलित प्रस्तावहरु मुल्याङ्कनको चरणमा रहेको |
| १७ | कोशेली घर स्थापना र सञ्चालन | २५०० | ० | नवलपुर, गोरखा, कास्की, पर्वत, बागलुङ्गका पर्यटन तथा उद्योग कार्यालयहरुबाट प्रस्ताव माग गरी कार्यान्वयन हुने तयारीमा रहेको । |
| १८ | पर्यटन गुरुयोजनाको पूनरावलोकन | १००० | ० | तेश्रोपक्षबाट पुनरावलोकन गर्नका लागि कार्यक्षेत्रगत शर्त तयारी । पोखरालाई पर्यटकीय राजधानी घोषणाका लागि आवश्यक पूर्वाधार लगायत अन्य विषयहरुको अध्ययन गरी प्रतिवेदन तयार गरी मा.मुख्यमन्त्रीज्यु समक्ष पेश |
| १९ | गण्डकी प्रदेशका पर्यटकिय गन्तव्यहरुको प्रचार प्रसार कार्यक्रम १०००, पर्यटकीय पदमार्गहरुको पहिचान, पर्यटकीय सूचनाकेन्द्र र उद्धारकेन्द्रको सम्भाव्यता अध्ययन २००० | ३००० | ० | म्याग्दीको टोड्के धवलागिरी पानोरमा पदमार्गको खोज शुरु भईसकेको र सुचना केन्द्र र उद्धार केन्द्रको सम्भाव्यता अध्ययनको कार्यक्षेत्रगत शर्त तयार भएको । |

## १०. मन्त्रालयबाट आ.व. ०८०/०८१ को कार्तिक-पौषसम्ममा भएका मुख्य मुख्य उपलब्धीहरुः

औद्योगिक विकास तथा प्रवर्द्धनः

- उद्योग ग्राममा पूर्वाधार निर्माणः
    - ५ वटा स्थानीयतहलाई औद्योगिक ग्रामको पूर्वाधार निर्माणका लागि कार्यक्रम कार्यान्वयनको अख्तियारी पठाईएको ।
- लोकाहाखोला र पुँडिटारमा प्रदेशस्तरीय औद्योगिक क्षेत्रमा IEE/EIA
    - परामर्शदाता छनौट भई वातावरणीय अध्ययनको कार्य भईरहेको ।
- गोरखाको च्याङ्गलीमा औद्योगिक क्षेत्रको पूर्व सम्भाव्यता अध्ययनः
    - परामर्शदाताबाट सम्भाव्यता अध्ययन गर्ने कार्य अन्तिम चरणमा रहेको ।
- गुणस्तरीय बस्तु र सेवाको आपूर्तिसँग सम्वन्धीत सार्वजनिक, निजी र सहकारी क्षेत्रसँग अन्तरसंवाद कार्यक्रमः
    - नवलपुरमा निजीक्षेत्रसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- अन्यः
    - पोखरा औद्योगिक व्यापार मेला आयोजनामा सहयोगी भूमिका खेलिएको ।
    - प्रदेश वजार अनुगमन समितिको वैठक बसी वजार अनुगमनलाइ कार्य योजना सहित अनुगमन गर्ने व्यवस्था मिलाइएको ।

पर्यटन पूर्वाधार विकास तथा पर्यटन प्रवर्द्धनः

- पर्यटन प्रवर्द्धन कार्यक्रम समेतः
    - मिति २०८०।०९।२६ पर्यटकिय राजधानी घोषणा अध्ययन समितिसँगको सहकार्यमा प्रतिवेदन तयार गरी मुख्यमन्त्रिज्यु समक्ष पेश ।
    - पर्यटन पूर्वधार विकास तर्फः जम्मा ३७४ वटा पर्यटकीय पूर्वाधार सम्वन्धी योजना रहेकोमा १७ वटा सम्पन्न भैसकेका १५४ वटा सम्झौता भई कार्य शुरु भएका छन भने बाँकी योजनाहरु सम्झौताको प्रकृयामा रहेका छन ।
    - पर्यटन सम्बन्धी विभिन्न अध्ययन अनुसन्धानकार्यको कार्यक्षेत्रगत शर्त (TOR) तयार गरी परामर्शदाता छनौटको लागि कार्य अगाडी बढाइएको ।
    - 

ऐन, नियम, कार्यविधी तथा मापदण्डः

- घरेलु मदिराको नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयकको आर्थिक मामिला मन्त्रालयबाट सैद्धान्तिक सहमति प्राप्त भई मुख्यमन्त्री कार्यालयमा सहमतिका लागि पठाईएको ।
- गण्डकी प्रदेश प्राईभेट फर्म दर्ता ऐन, २०७८ को संशोधन विधेयकको मस्यौदा तयार गरिएको ।
- साझेदारी फर्मको दर्ता तथा नियमन सम्बन्धी विधेयक तर्जुमाको सैद्धान्तिक स्वीकृतिका लागि प्रदेश मन्त्रिपरिषदमा प्रस्ताव पेश गरिएको ।

- औद्योगिक व्यवसाय नियमावलीको मस्यौदा तयार गरिएको ।

विविधः

- उपभोक्ता हक हित सँरक्षणका लागि ३७ पटक वजार अनुगमन गरीएको ।
- यस अवधिमा राजश्व रकम रु. ७३,३५,०३२/- सङ्कलन गरिएको ।
- यस अवधिमा ४४१ नयाँ उद्योग र ५४५ नया वाणिज्य फर्महरु दर्ता गरिएको ।
- मातहत कार्यालयहरुबाट प्राप्त निवेदन बमोजिम विभिन्न पूर्वाधार विकास योजनाहरु संशोधन गरिएको ।

## ११. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद :-

कार्यालय प्रमुखः कुमान सिंह गुरुङ

सूचना अधिकारी: बिमल प्रसाद गौतम, अधिकृत आठौं

## १२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:-

१. औद्योगिक व्यवसाय ऐन, २०७५
२. पर्यटन ऐन, २०७९ तथा नियमावली २०७९
३. प्रदेश व्यवसाय मञ्च (गठन आदेश), २०७६
४. बजार अनुगमन नियमावली, २०७६
५. प्राइभेट फर्म दर्ता ऐन, २०७८
६. प्राइभेट फर्म दर्ता नियमावली, २०७९
७. होमस्टे सशक्तिकरण, क्षमता अभिवृद्धि तथा पूर्वाधार विकास कार्यसञ्चालन कार्यविधि (पहिलो संशोधन), २०७६
८. स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९

## १३. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरणः

२०८० पौष मसान्तसम्म यस मन्त्रालय र मातहत निकायमा विनियोजित बजेट तथा खर्चको अवस्था

| क्र.स. | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजी | जम्मा | चालु | पुँजी | जम्मा | चालु | पुँजी | जम्मा |
| १ | मन्त्रालय | ५४०९१ | ४०००० | ९४०९१ | १२८७५ | २८ | १२९०३ | २३.८० | ०.०७ | १३.७१ |
| २ | निर्देशनालय | २३२०० | ८३३०० | १०६५०० | ७७११ | ५१९८ | १२९०९ | ३३.२४ | ६.२४ | १२.१२ |
| ३ | कार्यालयहरु | १२२९४२ | २९७३५० | ४२०२९२ | ३१४३३ | १४७६० | ४६१९३ | २५.५७ | ४.९६ | १०.९९ |
| **जम्माः** | | **२००२३३** | **४२०६५०** | **६२०८८३** | **५२०१९** | **१९९८६** | **७२००५** | **२५.९८** | **४.७५** | **११.६०** |

**१४. सार्वजनिक निकायको वेभसाइट**

यस मन्त्रालयको वेभसाइट https://www.motics.gandaki.gov.np रहेको छ ।
अन्य आवश्यक सूचनाका लागी मन्त्रालयको अधिकारीक फेसबुक पेज
https://www.facebook.com/gandakimoitfe/

Youtube:- https://www.youtube.com/@moticsgandaki

तथा मुख्य पर्यटकीय गन्तव्यहरुको सूचना सहितको वेव पोर्टल www.tourism.gandaki.gov.np रहेको छ।

**१५. मन्त्रालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली**

हालसम्म सवै सूचना खुला रहेको ।

**१६. मन्त्रालयमा परेका सूचना माग सम्बन्धी निवेदन**

माग भएको र उपलव्ध गराएको सूचना संख्या – ४३ (मौखिक समेत)

**१७. मन्त्रालयले गरेको प्रकाशनको विवरण**

प्रस्तुत विवरण मन्त्रालयको वेभसाइट https://www.motics.gandaki.gov.np मा हेर्न सकिने छ ।